सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३५० ♦ २०८३ साल भदौ २६ शुक्रवार ♦ 11 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## कृषिमा परनिर्भरता बढ्दो, जलेश्वर नाकाबाट मात्रै ८ अर्बको आयात

अजयकुमार साह

**भदौ २५ गते, बर्दिवास**

नेपाललाई कृषिप्रधान देश भनिए पनि नेपालीको भान्सामा पुग्ने खाद्यान्न, तरकारी, दाल र फलफूलको ठूलो हिस्सा विदेशी बजारमा निर्भर हुन थालेको छ। यसको एउटा प्रतिनिधि उदाहरण महोत्तरीको जलेश्वर भन्सार नाका बनेको छ, जहाँबाट एक वर्षमा मात्रै आठ अर्ब ४५ करोड रुपियाँभन्दा बढीका कृषिजन्य तथा खाद्य वस्तु भारतबाट आयात भएको छ।




प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, क्वारेन्टाइन कार्यालय जलेश्वरको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा जलेश्वर नाका हुँदै दुई लाख ३६ हजार ३८८ दशमलव ५ मेट्रिक टन कृषिजन्य तथा खाद्य वस्तु नेपाल भित्रिएको हो। यसको कुल मूल्य आठ अर्ब ४५ करोड ५५ लाख ८० हजार रुपियाँ रहेको छ।

क्वारेन्टाइन कार्यालय जलेश्वरका निमित्त कार्यालय प्रमुख किशोर यादवका अनुसार यो तथ्याङ्क केवल एउटा भन्सार नाकाको हो। देशभरको आयातसँग तुलना गर्दा खाद्य तथा कृषि उपजमा बाहिरिने रकम अझ ठुलो देखिन्छ। पछिल्लो आर्थिक वर्षमा नेपालले खाद्य वस्तुमा मात्रै करिब ४३४ अर्ब रुपियाँ खर्च गरेको तथ्याङ्क सार्वजनिक भएको छ।

खाद्य आयात बढ्नुमा घरेलु उत्पादन र उपभोगबीचको अन्तर, कृषि श्रमशक्तिको कमी तथा उत्पादकत्वको सुस्त वृद्धिलाई प्रमुख कारण मानिएको छ।

जलेश्वर नाकाको तथ्याङ्कले नेपालले कुन-कुन वस्तुमा परनिर्भरता बढाउँदै लगेको छ भन्ने देखाउँछ। सबैभन्दा ठुलो हिस्सा प्रशोधित तथा अन्य कृषिजन्य खाद्य वस्तुको छ। गत वर्ष यस

बाँकी पृष्ठ ३ मा

## बर्दिबास उद्योग वाणिज्य संघका सदस्यलाई नि:शुल्क दुर्घटना सुरक्षा योजना




खबर दर्पण समाचारदाता

**भदौ २५ गते, वर्दिवास**

बर्दिबास उद्योग वाणिज्य संघले आफ्ना सदस्यहरूको सेवा-सुविधालाई लक्षित गर्दै डिजिटल भुक्तानी सेवा प्रदायक ईसेवासँगको सहकार्यमा नि:शुल्क दुर्घटना एवं सुरक्षा योजना लागू गरेको छ।

मधेश प्रदेशकै व्यावसायिक क्षेत्रमा यस्तो सुविधा पहिलो र सर्वथा नयाँ पहल भएको बर्दिबास उद्योग वाणिज्य संघले जनाएको छ। संघमा नयाँ सदस्यता लिने तथा सदस्यता नवीकरण गर्ने प्रत्येक व्यवसायीलाई नि:शुल्क ईसेवा दुर्घटना सुरक्षा योजना उपलब्ध गराउने व्यवस्था मिलाइएको हो। बर्दिबास उद्योग वाणिज्य संघ र ईसेवाबिच बुधबार समझदारी पत्रमा हस्ताक्षर भएसँगै संघमा आबद्ध करिब तीन हजार व्यवसायी यो सेवाका लाभग्राही भएका छन्।

दुर्घटना सुरक्षा योजनाअन्तर्गत उपचार खर्च, मृतकका परिवारलाई सहयोग तथा अन्त्येष्टि र शववाहन खर्चलगायतका सुविधा समेटिएका छन्। यो सुविधाले आकस्मिक परिस्थितिमा व्यवसायीलाई आर्थिक टेवा पुग्ने स्थानीय व्यवसायीको भनाइ छ।

व्यावसायिक हितसँगै सामाजिक तथा आर्थिक सुरक्षाको प्रत्याभूति गराउने उद्देश्यले योजना सञ्चालनमा ल्याइएको संघका अध्यक्ष दीपक कार्कीले जनाउनुभयो।

कार्कीले भन्नुभयो, "नयाँ योजनाअन्तर्गत दुर्घटनामा परेका संघका सदस्यले उपचार बापत अधिकतम एक लाख रुपियाँ पाउनेछन्। त्यस्तै, दुर्घटनाबाट मृत्यु भएका सदस्यको परिवारलाई थप एक लाख रुपियाँका साथै अन्त्येष्टि र शववाहन खर्चका लागि थप २० हजार रुपियाँ पाउने व्यवस्था मिलाएका छौँ।"

आफ्ना सदस्यलाई उपलब्ध गराइएको यो सुविधाले व्यवसाय सञ्चालनका क्रममा हुन सक्ने विभिन्न जोखिम तथा आकस्मिक दुर्घटनाबाट उत्पन्न आर्थिक

बाँकी पृष्ठ ३ मा

## सत्कर्म कृषि सहकारी संस्था लि.

बर्दिबास, महोत्तरी

### साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

मिति : २०८३/०६/२९ गते बिहीबार

समय : बिहान ११:०० बजे

स्थान : गौतम होटल, बर्दिबास

**साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :**

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

**विशेष अनुरोध :**

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

**वेद बहादुर कार्की**
**सचिव**
**सत्कर्म कृषि सहकारी संस्था लि.**
**बर्दिबास, महोत्तरी**
**सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५**

खबर दर्पण
राष्ट्रिय दैनिक



# युवा गैरसरकारी संस्था महासंघ महोत्तरीको जिल्ला संयोजकमा आकाश कुमार शाह

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
भदौ २५ गते, महोत्तरी



युवा गैरसरकारी संस्था महासंघ, नेपालले महोत्तरी जिल्ला संयोजकमा आकाशकुमार शाहलाई मनोनयन गरेको छ।

महासंघका अध्यक्ष नारायण गिरीले बुधबार जारी गरेको मनोनयनपत्रमा युवा क्षेत्रमा क्रियाशील संघ-संस्थालाई संगठित गर्दै युवाको हकअधिकार सुनिश्चित गर्ने तथा सामाजिक रूपान्तरण र विकासमा युवाको सहभागिता बढाउने उद्देश्यले शाहलाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको उल्लेख छ।

राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम स्थापित महासंघले लामो समयदेखि युवाका नीतिगत सवालमा पैरवी तथा क्षमता अभिवृद्धिका क्षेत्रमा राष्ट्रियस्तरमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको जनाएको छ।

नवनियुक्त जिल्ला संयोजक शाहलाई सफल कार्यकालको शुभकामना दिँदै महासंघले तत्काल जिल्ला भेला आयोजना गरी जिल्ला कार्यसमिति गठन गर्न र गठित समितिको विवरण केन्द्रमा पठाउन निर्देशन दिएको छ।

# नेपाल-भारत मैत्री युवा संघको हाजिरीजवाफमा पर्सा मावि प्रथम




खबर दर्पण समाचारदाता
भदौ २५ गते, बर्दिबास

नेपाल-भारत मैत्री युवा संघ महोत्तरीको आयोजनामा बिहीबार सम्पन्न जलेश्वर नगर पालिका स्तरीय हाजिरीजवाफ प्रतियोगितामा श्री माध्यमिक विद्यालय पर्सा प्रथम हुँदै विजेता बनेको छ।

जलेश्वरस्थित लक्ष्मी चण्डी मुररका माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित प्रतियोगितामा नगरभित्रका विभिन्न नौ वटा विद्यालयको सहभागिता रहेको थियो। प्रतियोगिता तीन चरणमा सञ्चालन गरिएको संघका जिल्ला उपाध्यक्ष तथा कार्यक्रम संयोजक गणेशकुमार साह 'आलोक'ले जानकारी दिनुभयो। नकआउट चरण पार गर्दै फाइनलमा पुगेका तीन विद्यालयबीच प्रतिस्पर्धा भएको थियो। फाइनलमा लक्ष्मी चण्डी मुररका माध्यमिक विद्यालय, श्री माध्यमिक विद्यालय पर्सापतैली र श्री माध्यमिक विद्यालय बखरीभाठबीच प्रतिस्पर्धा भएको थियो।अन्तिम चरणमा उत्कृष्ट प्रदर्शन गर्दै श्री माध्यमिक विद्यालय पर्साले प्रथम स्थान हासिल गरेको हो। लक्ष्मी चण्डी मुररका माध्यमिक विद्यालय दोस्रो तथा श्री माध्यमिक विद्यालय बखरीभाठ तेस्रो भएका छन्।

प्रतियोगिताको प्रमुख अतिथिका रूपमा भारतीय महावाणिज्य दूतावास, वीरगञ्जका महावाणिज्यदूत देवसहाय मीना तथा विशिष्ट अतिथिका रूपमा नेपाल-भारत मैत्री युवा संघका केन्द्रीय महासचिव कृष्णकुमार सिंह सहभागी हुनुभएको थियो। कार्यक्रममा नेपाल-भारत मैत्री युवा संघ महोत्तरीका अध्यक्ष जितेन्द्रकुमार सिंह, कार्यक्रम संयोजक तथा उपाध्यक्ष गणेशकुमार साह 'आलोक', जलेश्वर नगरपालिका-२ का वडाध्यक्ष वरुणकुमार दाहाल तथा युवा र शिक्षक उमेश चौधरीलगायतको उपस्थिति थियो।

# बढ्दैछ महोत्तरीमा कोदोखेती

खबर दर्पण समाचारदाता
भदौ २५ गते, बर्दिबास



महोत्तरीमा तीन/चार दशकयता घट्दै गएको कोदोखेती पछिल्ला वर्षमा भने बढ्दै गएको छ । कोदोको गुणकारी विशेषताबारे चर्चा बढेपछि किसानले यसको खेती विस्तार गर्न थालेका हुन् ।

कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार आव २०७८/७९ मा ३०० हेक्टरमा गरिएको कोदोखेती आव २०८१/८२ मा ३७५ हेक्टर पुगेको थियो । आव २०८२/८३ मा ३८२ हेक्टरमा खेती गरिएकोमा चालु आवमा ५०० हेक्टरको सेरोफेरोमा पुग्ने अनुमान छ ।

कोदोको उत्पादन पनि बढ्दै गएको छ । आव २०७८/७९ मा ३३० मेट्रिकटन उत्पादन भएकोमा आव २०८१/८२ मा ४१२ र गत आवमा ४२० मेट्रिकटन उत्पादन भएको थियो । चालु आवमा ६५० मेट्रिकटन उत्पादन हुने अनुमान छ ।

भङ्गाहा-४ का किसान गङ्गाराम महतोका अनुसार पछिल्ला वर्षमा कोदोको माग र मूल्य बढेपछि किसानले खेती विस्तार गरेका हुन् । मधेसमा कोदो मुख्यतः रोटीका रूपमा खाने गरिन्छ भने पछिल्लो समय ढिँडो, बिस्कुट र हलुवा बनाउनसमेत प्रयोग हुन थालेको छ ।

बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रितेश घिमिरेका अनुसार कोदोमा फाइबर, प्रोटिन, क्याल्सियम, म्याग्नेसियम, फसफोरस, फलाम र पोटासियमजस्ता पोषक तत्त्व पाइने भएकाले यसको माग बढेको हो । विशेषगरी मधुमेह भएका व्यक्तिले कोदो रुचाउन थालेपछि यसको महत्व र खेतीसमेत बढ्दै गएको छ ।

# दीपककुमार साहले लिए उद्योगमन्त्रीको शपथ

खबर दर्पण समाचारदाता
भदौ २५ गते, बर्दिबास

नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

बिहीबार साँझ राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मन्त्री साहले शपथ लिएका हुन् ।

यसअघि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रहेकी गौरीकुमारी यादवले राजीनामा दिएपछि प्रधानमन्त्री बालेन्द्र शाहले सुनसरी-४ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपककुमार साहलाई उद्योग मन्त्रालयको जिम्मेवारी दिएका



थिए ।

मन्त्री साहले अब उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेतृत्व सम्हाल्नेछन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाइट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कृषिमा परनिर्भरता बढ्दो, जलेश्वर नाकाबाट................

समूहका मात्रै तीन अर्ब ८९ करोड ४६ लाख ४० हजार रुपियाँ बराबरका वस्तु आयात भएका छन्। यसको परिमाण एक लाख एक हजार ४६६ दशमलव ५ मेट्रिक टन छ।

मेथी, धनियाँ, बेसार, मरिच, हिङ, राइस ब्रान, राइस डिडिजी, सोया फिट, कनिका र बिँडीका पात लगायत वस्तु भारतबाट ल्याइएका छन्। केही वस्तु नेपालमै उत्पादन गर्न सकिने भए पनि लागत, उत्पादनको निरन्तरता, प्रशोधन सुविधा र बजार सुनिश्चितताको अभावमा आयातित वस्तुसँग स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न नसकेको अवस्था देखिन्छ।

धान तथा अन्य खाद्यान्नको आयातले समस्या अझ स्पष्ट पार्छ। गत आर्थिक वर्षमा जलेश्वर नाकाबाट मात्रै २६ हजार ७७४ मेट्रिक टन धान आयात भएको छ। यसको मूल्य ८५ करोड ६८ लाख रुपियाँ रहेको छ। धानसँगै चामल, बासमती चामल, गहुँ, मकै, जौ र बाजरासमेत भारतबाट भित्रिएका छन्।

नेपालमा धान उत्पादन हुने पर्याप्त क्षेत्र भए पनि उत्पादन लागत, सिँचाइको अनिश्चितता, मलखादको अभाव, श्रमिकको कमी र बजार मूल्यको अस्थिरताले किसानलाई निरुत्साहित गरेको कृषि क्षेत्रका जानकारहरूको बुझाइ छ।

तरकारीमा आत्मनिर्भर हुने सरकारी घोषणा र व्यवहारबीचको दूरी पनि जलेश्वरको तथ्याङ्कले देखाउँछ। गत आर्थिक वर्षमा आलु, प्याज, परवल, काक्रो, भण्टा, खुर्सानी, भिन्डी, हरियो केराउ, लौका, गाजरलगायत तरकारी भारतबाट आयात भएका छन्।

तरकारी तथा तरकारीजन्य वस्तुमा मात्रै एक अर्ब ३६ करोड ९८ लाख ४० हजार रुपियाँ बराबरको आयात भएको छ। यसले तरकारी उत्पादनमा नेपालले केही प्रगति गरे पनि वर्षभरि बजारमा नियमित आपूर्ति गर्न नसकेको देखाउँछ। मौसमी उत्पादनमा निर्भरता, भण्डारणको अभाव र किसानले उत्पादन गरेको समयमा उचित मूल्य नपाउने तर बजारमा अभाव हुँदा उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने अवस्थाले आयातलाई प्रोत्साहन गरिरहेको छ।

दाल तथा दलहनमा समेत भारतीय बजारको निर्भरता बढेको छ। गत आर्थिक वर्षमा जलेश्वर नाकाबाट विभिन्न प्रकारका दाल तथा दलहन आयात गर्दा ३० करोड ६० लाख रुपियाँ बाहिरिएको छ। चना, रहर, मास, उडद, मसुरो, बकुल्ला, राजमा र मुगलगायत दाल आयात भएका छन्।

त्यस्तै, फलफूलको आयातमा करिब ७० करोड रुपियाँ बाहिरिएको छ। भारतबाट स्याउ, सुन्तला, अनार, केरा, अङ्गुर, नरिवल, अम्बा, मेवा, लिची र भुइँकटहरलगायत फलफूल भित्रिएका छन्। नौ हजार ७२५ मेट्रिक टन फलफूल आयात भएको तथ्याङ्क छ।

राष्ट्रिय तहमा पनि कृषि उपजको आयातको दबाब बढ्दो छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालले खाद्यान्न मात्रै करिब ५९ अर्ब ६६ करोड रुपियाँ बराबर आयात गरेको विवरण सार्वजनिक भएको छ। त्यसमा धान र चामलको हिस्सा सबैभन्दा ठुलो रहेको छ।

शान्ति विकास अनुसन्धान केन्द्र महोत्तरीका कार्यकारी निर्देशक तथा विश्लेषक रणधीर चौधरीका अनुसार कृषि उत्पादनका लागि आवश्यक सिँचाइ, मल, बीउ, प्रविधि र बजार व्यवस्थापनमा देखिएको कमजोरी आयात बढ्नुको मुख्य कारणमध्ये एक हो।

उहाँले भन्नुभयो, "महोत्तरी मै कृषि विकास कार्यालयले भूमिगत सिँचाइ, मल, माटो स्वास्थ्य, दुई बाली धान तथा विभिन्न व्यावसायिक खेती प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिरहेको छ। तर उत्पादन र बजारको वास्तविक आवश्यकताबिच अझै ठुलो खाडल रहेको देखिन्छ।"

चौधरी भन्नुहुन्छ, "अर्कोतर्फ, वैदेशिक रोजगारीका कारण गाउँमा कृषि श्रमशक्ति घट्दै गएको छ। खेती गर्ने उमेर समूहका युवा बाहिरिँदा कृषि उत्पादनको लागत बढेको छ। साना किसानका लागि आधुनिक प्रविधि र यान्त्रिकीकरणको पहुँच सीमित छ। उत्पादन भए पनि सङ्कलन, भण्डारण, प्रशोधन र बजारसम्म पुर्‍याउने भरपर्दो प्रणाली नहुँदा किसानले उचित मूल्य पाउन सकेका छैनन्।"

भारतसँगको खुला व्यापार तथा तुलनात्मक रूपमा सस्तो उत्पादन लागतले पनि आयातित कृषि उपजलाई नेपाली बजारमा प्रतिस्पर्धी बनाएको उहाँले बताउनुभयो।

भारतमा कृषि उत्पादनमा दिइने विभिन्न किसिमका सरकारी सहयोगका कारण कतिपय वस्तु नेपाली उत्पादनभन्दा सस्तो पर्न सक्ने अर्थविद्हरूको भनाइ छ। कृषि विज्ञ डा. भगवान ठाकुरले जलेश्वर नाकाबाट मात्रै एक वर्षमा आठ अर्बभन्दा बढीको कृषिजन्य वस्तु आयात हुनु केवल व्यापारको तथ्याङ्क नभई नेपालको कृषि नीतिको प्रभावकारितामाथिको प्रश्न रहेको बताउनुभयो।

डा. ठाकुर भन्नुहुन्छ, "कृषि उत्पादन बढाउने लक्ष्यसहित हरेक वर्ष ठुलो बजेट विनियोजन भए पनि किसानले मल, बीउ, सिँचाइ, प्रविधि, बजार र उचित मूल्यका लागि भोग्दै आएको समस्या समाधान हुन सकेको छैन। त्यसैले उत्पादन बढाउनेभन्दा पनि आयातले बजारको माग धानिरहेको अवस्था देखिन्छ।"

कृषि विज्ञ डा. ठाकुरका अनुसार नेपाललाई कृषिमा आत्मनिर्भर बनाउने हो भने उत्पादनमा मात्र होइन, उत्पादनदेखि बजारसम्मको सम्पूर्ण शृङ्खला सुधार गर्नुपर्ने देखिन्छ। उहाँले पर्याप्त सिँचाइ, गुणस्तरीय बीउ, समयमै मल, यान्त्रिकीकरण, भण्डारण, प्रशोधन उद्योग र न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनसँगै किसानलाई बजारको सुनिश्चितता दिन सके मात्रै आयात घटाउन सकिने बताउनुभयो।

जलेश्वर नाकाबाट भित्रिएको आठ अर्ब रुपियाँको कृषिजन्य वस्तु यस अर्थमा एउटा नाकाको आयात विवरण मात्र होइन। यो नेपालको कृषि उत्पादन र उपभोगबिच बढ्दै गएको दूरीको ऐना हो।

# बर्दिबास उद्योग वाणिज्य संघका .....

समस्यालाई न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुग्ने अध्यक्ष कार्कीले बताउनुभयो।

संघका सचिव रिमनाथ अधिकारीले व्यवसायीहरूको हकहितका लागि मधेश प्रदेशमै व्यवस्थापन गरिएको यो नयाँ सुविधाले शोक, समस्या र पीडामा परेका व्यवसायी तथा उनीहरूका परिवारलाई राहत र भरोसा प्रदान गर्ने अपेक्षा व्यक्त गर्नुभयो।

सचिव अधिकारीले भन्नुभयो, "यो योजनाबाट व्यवसायीहरूको सामाजिक तथा आर्थिक सुरक्षा अभिवृद्धिका साथै नयाँ सदस्यता दर्ता तथा सदस्यता नवीकरणलाई समेत प्रोत्साहन गर्ने विश्वास लिएका छौँ।"

## सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।
## सभ्य नागरीकको परिचय दिऔं ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१।०७।०९ मा दर्ता भएको प्रा.लि.नं.१२७७१२ भएको होटल जन सम्पर्क (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०५।०८ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।



# हिमाल, पहाड र तराईबाट चुनाव जितेर प्रधानमन्त्री बन्ने आफू मात्रैः प्रचण्ड

**खबर दर्पण समाचारदाता**
**भदौ २५ गते, सिरहा**

नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशका हिमाल, पहाड र तराई सबै भूगोलबाट चुनाव जितेर प्रधानमन्त्री बन्ने आफू एक्लो नेता भएको दाबी गरेका छन् ।

सिरहामा आयोजित पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले आफ्नो राजनीतिक यात्राका क्रममा विभिन्न भूगोलबाट निर्वाचन जितेको उल्लेख गर्दै यसलाई आफ्नो राजनीतिक जीवनको विशिष्ट रेकर्ड भएको बताए ।

उनले राजधानी, रोल्पा, सिरहा, चितवन, गोरखा हुँदै पछिल्लो पटक रुकुम पूर्वबाट समेत निर्वाचित भएको स्मरण गरे । हिमाल, पहाड, मधेश र तराईका विभिन्न क्षेत्रबाट निर्वाचित भएर प्रधानमन्त्री बन्ने अवसर आफूले मात्र पाएको उनको दाबी थियो ।

देशमा अहिले आधा दर्जनभन्दा बढी पूर्वप्रधानमन्त्री रहे पनि पछिल्लो निर्वाचनमा निर्वाचित हुने पूर्वप्रधानमन्त्री आफू मात्रै भएको प्रचण्डले बताए । चुनाव जित्ने मामिलामा आफू भाग्यमानी रहेको उनको भनाइ थियो ।

सिरहामा चर्को गर्मीका बीच प्रशिक्षण कार्यक्रममा ठूलो संख्यामा कार्यकर्ता सहभागी भएपछि प्रचण्डले उत्साह व्यक्त गरे । पार्टीप्रति जनताको विश्वास र कार्यकर्ताको उत्साह कम भएको चर्चा भइरहेका बेला कार्यक्रममा देखिएको उपस्थितिले आफू उत्साहित भएको उनले बताए ।

प्रचण्डले सिरहासँग आफ्नो राजनीतिक सम्बन्ध लामो समयदेखिको रहेको पनि स्मरण गरे । पञ्चायतविरोधी आन्दोलन, जनयुद्धको तयारी र शान्ति प्रक्रियादेखि नै सिराहासँग आफू जोडिएको उल्लेख गर्दै उनले दोस्रो संविधानसभा निर्वाचनमा सिराहा क्षेत्र नम्बर ५ बाट निर्वाचित गराएर आफूलाई दोस्रोपटक प्रधानमन्त्री बन्ने अवसर दिएको भन्दै सिरहावासीप्रति आभार व्यक्त गरे ।

सम्बोधनका क्रममा प्रचण्डले पछिल्लो राजनीतिक घटनाक्रमबारे पनि धारणा राखे । संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि नयाँ संघर्ष सुरु भएको दाबी गर्दै उनले भदौ



२४ गतेको घटनालाई नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा 'कालो दिन'का रूपमा पार्टीले लिएको बताए । उनका अनुसार उक्त दिन सिंहदरबारलगायत ऐतिहासिक संरचना, सरकारी तथा सुरक्षा निकायका कार्यालय, पार्टी कार्यालय र महत्वपूर्ण दस्तावेजमा तोडफोड तथा आगजनीका घटना भएका थिए । उनले यसलाई संविधान र राष्ट्रिय स्वाधीनताविरुद्धको प्रतिक्रान्तिकारी षड्यन्त्रका रूपमा व्याख्या गरे ।

भदौ २३ गते भएको प्रदर्शन सुरुमा भने सकारात्मक रहेको प्रचण्डको भनाइ थियो । भ्रष्टाचारविरुद्ध, सुशासनको पक्षमा र सञ्चारमाथिको प्रतिबन्धविरुद्ध युवाहरूले सुरु गरेको आन्दोलन दिउँसोसम्म शान्तिपूर्ण रहेको उनले बताए । तर, दिउँसोपछि आन्दोलनले हिंसात्मक रूप लिएको र बाह्य घुसपैठका कारण मानवीय क्षति हुने अवस्था सिर्जना भएको प्रचण्डले दाबी गरे । काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर युवाहरूले सुरु गरेको आन्दोलनमा पछि घुसपैठ भएको उनको आरोप थियो ।

# बेपत्ता नौ वर्षीया बालिका घर मै सकुशल फेला

**खबर दर्पण समाचारदाता**
**भदौ २५ गते, बर्दिवास**

महोत्तरीमा आफ्नै घरबाट बेपत्ता भएकी नौ वर्षीया बालिका घर कै ढोकाको कुनाबाट सकुशल फेला परेकी छन् ।

बिहीबार बिहान पौने ९ बजेदेखि बालिका घरबाटै बेपत्ता भएको सूचना पाएपछि इलाका प्रहरी कार्यालय बर्दिबासबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । खोजीका क्रममा बालिकालाई आफ्नै घरको ढोकाको कुनामा फेला पारी सकुशल उद्धार गरिएको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी उपरीक्षक गुरुप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो ।

बालिका घरबाट बाहिर नगएको र घरकै कुनामा रहेको अवस्थामा प्रहरी टोलीले फेला पारेको उहाँले बताउनुभयो । प्रहरीले घटनाबारे थप विवरण संकलन गरिरहेको जनाएको छ ।

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**मिथिला नगरपालिका, धनुषा**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,